# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय

**<u>विद्यमान टेलिफोन एक्सचेन्ज अपग्रेड गर्ने बारेको शिलवन्दी दरभाउपत्र आह्वानको सूचना</u>**

**(प्रथम पटक प्रकाशित मिति २०७४/०३/०७)**

यस बैंकको वालुवाटारस्थित केन्द्रीय कार्यालयमा टेलिफोन एक्सचेन्ज अपग्रेड गर्नुपर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) अपरान्ह ४.०० बजेसम्म दरभाउपत्र फाराम सामान्य सेवा विभागको निर्माण फाँट र बैकिंग कार्यालय थापाथलीबाट रु. ५००।- तिरी (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) मध्यान्ह १२.०० बजेभित्र सामान्य सेवा बिभागमा पेश गरिसक्नु पर्नेछ । प्राप्त हुन आएका दरभाउपत्रहरु सोही दिन १२.३० बजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्रका साथ जमानत वापत रु. ४५,०००।-(अक्षरेपि पैतालिस हजार) यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित खाता नं.११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको कम्तिमा यो दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको मान्य अवधि भएको बैंक जमानतपत्र संलग्न गरेको हुनु पर्नेछ । दरभाउपत्र सम्बन्धी अन्य शर्त तथा विवरणहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

**सामान्य सेवा विभाग**
**बालुवाटार**